लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय दाङ (देउखुरी)

लमही, दाङ

कार्यालय : ०८२-४४०८९०
कार्यालय प्रमुख : ९८५७८४१५१४
ईमेल ठेगाना : dfodeukhuri@gmail.com

## चिमचिमे खोला व्यवस्थापन, नदीजन्य पदार्थ संकलन तथा विक्रि वितरण सम्वन्धी सुचना

प्रथम पटक प्रकाशन मिति २०८२/०१/१३

ठेक्का नं. DFO/DEU/kholakholsi/01-2081-082

आ.व.२०८१/०८२ को स्वीकृत वार्षिक खोला खोल्सी व्यवस्थापन कार्यक्रम अन्तरगत यस कार्यालयको कार्यक्षेत्र भित्र पर्ने गढवा गाउपालिका वडा नं.-२ स्थित चिमचिमे खोलाको व्यवस्थापन गरी उत्पादन हुने नदीजन्य पदार्थको संकलन तथा तोकिएको स्थानमा घाटगद्धी गरी विक्रि वितरण गर्नु पर्ने भएकोले उक्त खोला व्यवस्थापन गर्दा उत्पादन हुने नदीजन्य पदार्थ आफ्नै खर्चमा संकलन तथा तोकिएको स्थानमा घाटगद्धी गरी सकार मुल्यमा उठाई लैजाने गरी खरिद गर्न इच्छुक मु. अ.करमा दर्ता भएका निर्माण व्यवसायी/सप्लायर्स/उद्योगहरुले तपशिल वमोजिमको परिमाणको नदीजन्य पदार्थ संकलन, घाटगद्धी गरी खरिद गर्न यो सुचना प्रकाशन भएको मितिले ३० औ दिनको कार्यालय समय भित्र कार्यालयावाट वोलपत्र फारम खरिद गरी ३१ औ दिन दिनको १२.०० वजे भित्र यस कार्यालयमा शिलवन्दी वोलपत्र फारम दाखिला गर्न यो सुचना प्रकाशन गरिएको छ ।विस्तृत जानकारीको लागी यस कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

### ठेक्का सम्वन्धी विवरण

| ठेक्का नं. | कार्य विवरण | संकलन हुन सक्ने परिमाण | लागत अनुमान वमोजिमको रकम मु अ कर वाहेक | वोलपत्र जमानत रकम रु |
|---|---|---|---|---|
| DFO/DEU/kholakholsi/01-2081-082 | गढवा गाउपालिका वडा नं.-२ स्थित चिमचिमे खोलावाट नदीजन्य पदार्थ संकलन तथा घाटगद्धि गरी विक्रि वितरण | १६९४८८.०० घ.फिट | १६९४८८०.०० | ५०००० |

(१) वोलपत्र खरिद गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति २०८२।०२।११ (ख ) समय : कार्यालय समय भित्र ।३० औ दिन सार्वजनिक विदा परेमा ३१ औ दिनको शिलवन्दी बोलपत्र दाखिला गर्ने समय भन्दा १ घण्टा अघि सम्ममा बोलपत्र खरिद गरी बोलपत्र दाखिला गर्नु पर्नेछ ।

(२) बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति २०८२।०२।१२ (ख ) समय :दिनको ठीक १२ वजे भित्र ।

(३) बोलपत्र फाराम रु १००० पछि फिर्ता नहुने गरि तिरी यस कार्यालयबाट खरिद गरी सोही कार्यलयमा दाखिला गर्न सकिनेछ ।

(४) जमानत वापतको रकम नगद जम्मा गर्ने भएमा नेपाल वैंक लिमिटेडमा रहेको प्रदेश को.ले.नि.का. दाङ देउखुरीको धरौटी खाता नं. २९३०२००००२००३००००१ मा यस कार्यालयको कार्यालय

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय दाङ (देउखुरी)

## लमही, दाङ

☎/📠 कार्यालय : ०८२-४४०८९०
☎ कार्यालय प्रमुख : ९८५७८४१५१४
ईमेल ठेगाना : dfodeukhuri@gmail.com

कोड ३२९०१५६०२५ मार्फत जम्मा गरको दोश्रो प्रति सक्कल भौचर वा कम्तिमा वोलपत्र दाखिला हुने अन्तिम मितिले १२० दिन म्याद भएको वाणिज्य वैंक द्वारा जारी गरिएको सक्कलै प्रति वैंक जमानत वोलपत्र साथ पेश गरेको हुनु पर्ने छ ।

(५) नदिजन्य पदार्थ गढवा गा.पा. वडा नं. २ स्थित चिमचिमे खोलामा गई हेर्न सकिने छ ।

(६) वोलपत्रमा सहभागी हुन ईच्छुक व्यक्ति, फर्म वा कम्पनीले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतलिपि, उद्योग दर्ता तथा नविकरणको प्रमाण पत्रको प्रतलिपि, मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रको प्रतिलिपि, आ.व.२०८०/०८१ को कर चुक्ताको प्रमाणको प्रतिलिपि, अधिकार प्रत्यायोजन गरिएको पत्र, वोलपत्रमा सहभागी हुन अयोग्य नरहेको स्वः घोषणा पत्र समेत राखी शिलवन्दी बोलपत्र पेश गर्नु पर्नेछ ।

(७) रीतपुर्वक दाखिला हुन आएका वोलपत्रहरु मिति २०८२/०२/१२ गते दिउँसो २.०० वजे साक्षीहरुको रोहवरमा खोलिनेछ

(८) वोलपत्र स्वीकृत भएको जानकारी प्राप्त भएको ७ दिन भित्र सकार गरेका रकमको ५० प्रतिशत राजस्व तथा निर्धारित मुल्य अभिवृद्धि कर लगायत अन्य कर समेत बुझाई लिलाम स्वीकृत भएको नदिजन्य पदार्थ तोकिएको अवधी भित्र संकलन गरी घाटगद्धी गरी निकासी इजाजत लिइ गरि उठाई लैजानु पर्नेछ ।

(९) बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

(१०) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार अधिकार प्राप्त अधिकारीको हुने छ ।

११) बोलपत्र दाखिला गर्न/खोल्नको लागि तोकिएको मितिमा विदा परेमा सो को भोलिपल्ट कार्यालय खुल्ने मितिमा सोहि बमोजिम हुनेछ ।

(१२) अन्य कुराहरु बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राख्नु होला ।

(१३) म्याद नाघी वा रीत नपुगी पेश हुन आएको वोलपत्र मान्य हुने छैन ।

(१४) अन्य कुराहरु प्रचलित कानुन वमोजिम हुने छ ।